# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

**खण्ड:८** **संख्या: १७** **प्रमाणिकरण मितिः २०८२/१२/२६**


**भाग २**

**जीतपुरसिमरा उपमहानगरपालिका**

## जीतपुरसिमरा उपमहानगरपालिका सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०८२

**प्रस्तावना:**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी उपमहानगरको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७८ को दफा ३ को व्यवस्था अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद — १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमवलीको नाम " जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०८२ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३५ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ख) “अनुमतिपत्र प्राप्त व्यक्ति” भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) “प्रमुख ” भन्नाले उपमहानगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(घ) “अनुमानित आयोजना लागत” भन्नाले देहायमध्ये जुन बढी हुन्छ, सो लागतलाई जनाउनेछः

(ङ) “आयोजना” भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पूर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, सञ्चालन वा व्यवस्थापन सम्झनु पर्छ र सो शब्दले देहायका कुरा समेत जनाउनेछ ।

(च) “कार्यपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(छ) “निजी निकाय” भन्नाले सार्वजनिक निजी साझेदारी अन्तरगत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामूदायिक संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ज) “निर्माण” भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(झ) “स्थानीय सरकार” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ट) “पुनस्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुननिर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनु पर्छ ।

(ठ) “पूर्वाधार संरचना” भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामीण सडक, पुल, अस्पताल, नहर, साना विद्युत उत्पादन तथा वितरण, नवीकरणीय उर्जा, केबुलकार लाइन, ट्रलीबस संरचना, प्रदर्शनीस्थल, पार्क, जलाशय, सवारी साधन मर्मत ग्राम, औद्योगिक ग्राम , बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, कृषि, वन, सिचाई तथा पर्यटनसँग सम्बन्धित संरचना,रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ड) “लेखाजोखा समिति” भन्नाले दफा १२ को उपदफा (१) बमोजिम स्थापना हुने आयोजना लेखाजोखा समिति सम्झनु पर्छ ।

(ढ) “सम्झौता” भन्नाले आयोजना कार्यान्वयन गर्न दफा २९ बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

(ण)“सर्वेक्षण” भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले आयोजनाको सम्भाव्यता अध्ययन, इञ्जिनियरिङ डिजाइन कार्य र त्यसको लागि गरिने अन्वेषण समेतलाई जनाउँछ ।

(त) “सानिसा” भन्नाल सार्वजनिक निजी साझेदारी लाई सम्झनु पर्छ ।

(थ) “सानिसा इकाई” भन्नाले दफा ११ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक निजी साझेदारी इकाई सम्झनु पर्छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

(द) “सानिसा समिति” भन्नाले दफा १० को उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी समिति सम्झनु पर्छ ।

(ध) “सार्वजनिक निजी साझेदारी ऐन ” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ लाई सम्झनुपर्छ ।

(न) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनुपर्छ ।

(प) “स्थानीय सरकार” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(फ) “सोझै प्राप्त भएका प्रस्ताव” भन्नाले सानिसा समितिले आव्हान नगरेका तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ब) “शुल्क” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासँग लिने सेवा शुल्क, वा महसुल समेत सम्झनु पर्छ ।

(भ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस नियमावली अन्तर्गत बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(म) “खरिद ऐन” भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनुपर्दछ ।

(य) “ऐन” भन्नाले “सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५ सम्झानुपर्दछ ।

## परिच्छेद - २

## सार्वजनिक निजी साझेदारीको ढाँचा

**३. सार्वजनिक निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिनेः** (१) पूर्वाधार संरचना वा सामाजिक परिचालन वा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै आयोजना सार्वजनिक निजी साझेदारीमा यस नियम बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक—निजी साझेदारी आयोजनामा देहायका विशेषताहरुमध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनरुस्थापना वा आधुनिकीकरण गर्न उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापन योग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको

**४. सार्वजनिक निजी साझेदारीका ढाँचाहरुः** दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमो जिम हुन सक्नेछः

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

**५. सार्वजनिक निजी साझेदारी नमानिने अवस्थाः** यस ऐनको प्रयोजनका लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने कार्यलाई सार्वजनिक निजी साझेदारी प्रबन्ध मानिने छैन ।

**६. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना** : १) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयोजना सार्वजनिक—निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैनः—

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुनेआयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

**७. सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरुः** (१) देहायका मुख्य आधारहरुमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछः

(क) स्थानीय सरकारले त्यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको,

(घ) स्थानीय सरकार र निजी निकाय बीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजनाको लागि निजी निकायको साधन श्रोत उपलब्ध भएको,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

**८. सार्वजनिक खरिद कानून आकर्षित नहुनेः** यस नियम बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै नियमको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुने छैन ।

## परिच्छेद - ३

## संस्थागत संरचना

**९. उपमहानगरपालिकाको कार्यपालिकाः** (१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयो जनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्न कार्य कार्यपालिकाबाट हुनेछ|

(क) १ करोड रुपैयाँ भन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

तर उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने नियम १० बमो जिमको सानिसा समितिले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ

(क) सार्वजनिक निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) उपनियम (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका आयो जनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

**१०. सानिसा समितिः** (१) यस नियम बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि उपमहानगर पालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछः

(क) उपमहानगर पालिकाको प्रमुख अध्यक्ष

(ख) उपमहानगर पालिकाको उपप्रमुख. .सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत.. .सदस्य

घ) उद्योग वाणिज्य संग सम्बन्धित संस्थाका प्रमुखहरु मध्येबाट १ जना सदस्य

(ङ) सानिसा सम्बन्धि क्षेत्रका समितिले तोकेको विज्ञ १ जना सदस्य

(च) नगरकार्यपालिकाको विषयगत समितिको संयोजक सदस्य

(छ) सार्वजनिक निजि साझेदारी अन्तर्गत योजनासंग सम्बन्धित शाखा प्रमुख सदस्य

(ज) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव

(२) नियम ९ को उपनियमा (१) मा उल्लिखित आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्ने तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

(३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था आफैले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

**११. सानिसा इकाईः** (१) नियम १० को उपनियम (२) को अधीनमा रही आयोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध शाखा वा महाशाखा प्रमुख तथा अधिकृतहरु रहने गरी सानिसा इकाईको गठन गर्नेछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै आयोजना सार्वजनिक–निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) आयोजनको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

(छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने,

(ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था आफैले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

**१२. लेखाजोखा समितिः** (१) कार्यापालिका वैठकबाट यस नियम बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा ५ जना सदस्य रहेको एक लेखाजोखा समिति गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा नियम ७ मा उल्लिखित आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरे पछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) माथिका नियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय स्तर मा निर्माण भएको सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुनले आयोजना लागत वा आयोजनको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानुन बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद — ४

## आयोजना स्वीकृति सम्बन्धी व्यवस्था

**१३. आयोजना स्वीकृतिका लागि निवेदन पेश गर्नुपर्नेः** (१) सानिसा समितिले नियम ९ को उपनियम (१)मा उल्लिखित आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा देहायका विवरणहरु खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछः।

(क) आयोजनाको विवरण,

(ख) आयोजनामा नियम ३ को उपनियम (२) मा उल्लिखित विशेषताहरु मध्ये के कस्तो विशेषता रहेको हो सोको विवरण,

(ग) आयोजना सार्वजनिक निजी साझेदारीको कुन ढाँचाबाट कार्यान्वयन गरिने हो सोको विवरण,

(घ) आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सम्भव र उपयुक्त देखिएका आधार,

(ङ) आयोजना कार्यान्वयनबाट प्राप्त हुने लाभ,

(च) आयोजना कार्यान्वयनको लागि संघीय सरकार वा दातृ निकायसँग कुनै किसिमको सहयोग माग गरिए वा नगरिएको र माग गरिएको भए त्यस्तो सहयोग प्राप्त हुने वा नहुने कुरा,

(छ) आयोजनाको सर्वेक्षण भए वा नभएको र सर्वेक्षण भएको भए त्यसको अनुमानित लागत,

(ज) एकै प्रकृतिका एक भन्दा बढी आयोजना कार्यान्वयन गर्ने भए त्यस्ता आयोजनाको प्राथमिकता,

(झ) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम आयोजना स्वीकृतिका लागि पेश गर्दा सबै विवरणहरु खुलाई प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

**१४. आयोजना स्वीकृत गर्नेः** (१) नियम १३ बमोजिम प्राप्त भएको विवरणहरुको आधारमा आयोजना सार्वजनिक निजी लगानीमा कार्यान्वयन गर्न सम्भव र उपयुक्त देखिएमा कार्यपालिकाले विवरण पेश भएको मितिले सातदिन भित्र नियम ९ को उप नियम (१) बमोजिमको आयोजना स्वीकृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृत गर्दा एकै प्रकृतिका एक भन्दा बढी आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो आयोजनाको प्राथमिकता समेत तोक्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोजना कार्यान्वयन गर्न स्वीकृति दिनु अघि कार्यपालिकाले आवश्यक देखेमा आयोजनाको सम्बन्धमा सानिसा समितिसँग थप विवरण बुझ्न सक्नेछ ।

(४) कुनै आयोजनाको सम्बन्धमा थप विवरण अध्ययन गर्न आवश्यक देखिएमा सानिसा समितिले सोही व्यहोरा कार्यपालिकामा लेखी पठाउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम कार्यपालिकाबाट आयोजना स्वीकृत भएमा सानिसा समितिले नियम ४८ बमोजिम सर्वसाधारणको जानकारीको लागि सोको सूचना प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद — ३

## आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**१५. मनसायपत्रसम्बन्धी कागजात तयार गर्नुपर्नेः** (१) सानिसा इकाईले आयोजनाको मनसायपत्र आव्हान गर्नु अघि देहायका विवरण तथा कागजातहरु तयार गरी राख्नु पर्नेछ :—

(क) आयोजनाको संक्षिप्त विवरण,

(ख) आयोजनाको न्यूनतम डिजाइन सम्बन्धी अवधारणा,

(ग) आयोजनाको सञ्चालन र व्यवस्थापन सम्बन्धी विधि,

(घ) आयोजना कार्यान्वयन गर्न लगानीकर्ताको योग्यता र आवश्यकता,

(ङ) आयोजनाको सर्वेक्षण वा अन्य कुनै किसिमको अध्ययन भएको भए सो को संक्षिप्त विवरण,

(च) मनसायपत्र तथा प्रस्ताव मूल्याङ्कनका विस्तृत आधार,

(छ) आयोजना कार्यान्वयनको लागि प्रस्तावकसँग गरिने सम्झौताका मुख्य शर्त,

(ज) आयोजना कार्यान्वयन गर्दा दिईने सुविधा र सहुलियत सम्बन्धी विवरण,

(झ) सानिसा इकाईले आवश्यक ठानेका अन्य विवरण ।

**१६. मनसायपत्र आव्हान गर्नु पर्नेः** (१) सानिसा इकाईले मनसायपत्र आव्हान गर्दा नियम ४८ बमोजिम देहायका कुराहरु खुलाई तिस दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछः

(क) आयोजनाको संक्षिप्त विवरण,

(ख) कुन तरिकाबाट आयोजना कार्यान्वयन गरिने हो सो कुराको जानकारी,

(ग) मनसायपत्र पेश गर्ने व्यक्तिको नाम र ठेगाना

(घ) मनसायपत्र पेश गर्ने व्यक्तिको आर्थिक र प्राविधिक क्षमता,

(ङ) मनसायपत्र पठाउनु पर्ने तरिका, अन्तिम मिति, समय र स्थान,

(च) मनसायपत्र खोल्ने मिति, समय र स्थान,

(छ) मनसायपत्र छनौट हुने आधार,

(ज) मनसायपत्र उपर निर्णय गरिने अनुमानित मिति,

(झ) सानिसा इकाइले आवश्यक ठानेको अन्य आवश्यक विवरण ।

**१७. मनसायपत्र पेश गर्नु पर्नेः** (१)नियम १६ बमोजिम मनसायपत्र आव्हान गरि एकोमा मनसायपत्र पेश गर्न चाहने व्यक्तिले देहायका विवरण खुलाई सो कागजातमा उल्लेख भए बमोजिमका विवरणहरु भरी सानिसा इकाई समक्ष नियम १६ को उपनियम १ बमोजिमको अवधि भित्र मनसायपत्र पेश गर्नु पर्नेछः।

(क) मनसायपत्र पेश गर्ने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव ,

(ग) आयोजना कार्यान्वयन सम्बन्धी व्यवसायिक योजना,

(घ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिम मनसायपत्र पेश गर्दा सिलबन्दी गरी मनसायपत्र पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनसायपत्र पेश गर्ने व्यक्तिले मनसायपत्रको साथमा दस्तुर वापत तिन हजार रुपैयाँ सानिसा इकाईलाई बुझाउनु पर्नेछ ।

(४) सानिसा इकाईले उपनियम (१) बमोजिम प्राप्त भएको मनसायपत्र दर्ता गरी त्यसको निस्सा मनसायपत्र पेश गर्ने व्यक्तिलाई दिनु पर्नेछ ।

घोराही उपमहानगरपालिका

**१८. मनसायपत्र पेश गर्ने व्यक्ति छनौट गर्नेः** (१) सानिसा इकाईले मनसायपत्र पे श गर्ने व्यक्ति छनौट गर्दा त्यस्तो व्यक्तिको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको आधारमा गर्नेछ ।

(२) सानिसा इकाईले मनसायपत्र पेश गर्न दिएको म्याद समाप्त भएको मितिले सात दिन भित्र मनसायपत्र छनोट गर्नुपर्नेछ।

**१९. मनसायपत्र छनौटको आधारः** (१) मनसायपत्र छनोटका लागि कूल एकसय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिनेछ :—

(क) प्राविधिक क्षमता वापत तिस देखि पैतालिस अङ्क

(ख) आर्थिक क्षमता वापत बिस देखि तिस अङ्क

(ग) अनुभव वापत — बीस अङ्क सम्म

घ) स्थानीय — पाच अङ्क

(२) उपनियम (१) बमोजिमको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको मूल्यांकन देहायका आधारमा गरिनेछ :—

(क) मनसायपत्र पेश गर्ने व्यक्तिको प्राविधिक क्षमताको मूल्यांकन गर्दा सो आयोजनाको कार्यान्वयनको लागि कुनै यन्त्र, उपकरण वा जनशक्ति चाहिने भए सो व्यक्तिसँग त्यस्तो यन्त्र, उपकरण वा जनशक्ति भए वा नभएको,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको आर्थिक क्षमताको मूल्यांकन गर्दा सो व्यक्तिसँग आयोजनाको सर्वेक्षण, सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भएको वा नभएको र मनसायपत्र पेश गर्ने कम्पनी भए कम्पनीको सम्पत्तिबाट आयोजनाको लागि व्यहोर्ने रकम वा ऋण लिने भए के कति रकम कुन प्रक्रियाबाट ऋण लिन प्रस्ताव गरि एको छ सो सम्बन्धी विषय,

(ग) मनसायपत्र पेश गर्ने व्यक्तिको अनुभवको मूल्यांकन गर्दा सो व्यक्तिले आयो जना कार्यान्वयनको लागि उस्तै प्रकृतिको अन्य आयोजना कार्यान्वयन गरे वा नगरेको अनुभव ।

(३) उपनियम (२) बमोजिम गरिएको मूल्यांकनबाट कम्तीमा साठी अङ्क प्राप्त गर्ने मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरिनेछ । त्यसरी मूल्यांकन गर्दा साठी अङ्क प्राप्त गर्ने कम्तीमा दुई जना व्यक्ति छनौट हुन नसकेमा कम्तीमा पचास अङ्क प्राप्त गर्ने अन्य व्यक्तिहरु पनि छनौट गरिनेछ।

(४) उपनियम (२) बमोजिम प्रस्ताव मूल्यांकन तथा विश्लेषण गर्दा आवश्यक देखे मा सानिसा इकाईले विशेषज्ञहरुको सहयोग लिन सक्नेछ ।

**२०. पुनः मनसायपत्र आव्हान गर्ने :** (१) नियम १६ बमोजिम मनसायपत्र आव्हान गर्दा एउटा मात्र मनसायपत्र प्राप्त भएमा वा नियम ९ को उपनियम (३) बमोजिम मूल्यांकन गर्दा मनसायपत्र पेश गर्ने कम्तीमा दुई जना व्यक्ति छनौट हुन नसकेमा सानिसा इकाईले नियम १६, नियम १७, नियम १८ तथा नियम १९ बमोजिमको प्रक्रिया पूरा गरी पुनः मनसायपत्र आव्हान गर्नु पर्नेछ ।

(२)उपनियम (१)बमोजिम मनसायपत्र आव्हान गर्दा नियम १९ को उपनियम (३) बमोजिम छनौट भएका व्यक्तिलाई निजले चाहेमा कायमै राखिनेछ ।

**२१. संक्षिप्त सूची तयार गर्नेः** (१) नियम १८ बमोजिम मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरेपछि सानिसा इकाईले छनोट भएको अर्को कार्यदिन सोको संक्षिप्त सूची तयार पार्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूची तयार पार्दा आवश्यक देखेमा सानिसा इकाईले सम्बन्धित विषयमा विज्ञको सहयोग लिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम संक्षिप्त सूची तयार गरेको दुई दिन भित्र सानिसा इकाईले त्यस्तो सूचीमा परेका व्यक्तिलाई सोको लिखित जानकारी गराउनु पर्नेछ ।

**२२. प्रस्ताव आव्हान गर्नेः** (१) सानिसा इकाईले नियम २१ को उपनियम (१) बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधार मा आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुराहरू खुलाई कम्तीमा पन्ध्रदिनको म्याद दिईनियम ४८ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी आयोजना कार्यान्वयनको प्रस्ताव आव्हान गर्नुपर्नेछः—

(क) प्रस्ताव सम्बन्धी कागजात भए सो खरिद गर्ने ठाउँ र सोको दस्तुर

(ख) प्रस्ताव पठाउने तरिका,

(ग) प्रस्ताव बुझाउने ठाउँ र मिति,

(घ) प्रस्ताव बुझाउने अन्तिम मिति,

(ङ) प्रस्ताव खोलिने ठाउँ र मिति,

(च) प्रस्ताव उपर निर्णय गरिने अनुमानित मिति,

(छ) प्रस्ताव मूल्यांकन र छनौट गर्ने आधार,

(ज) प्रस्तावको प्राविधिक र आर्थिक पक्षको मूल्यांकनको अङ्कभार,

(झ) प्राविधिक प्रस्ताव मूल्यांकन गरेपछि मात्र आर्थिक प्रस्ताव खोलिने कुरा,

(ञ) अन्य आवश्यक विषय ।

**२३. प्रस्ताव पेश गर्नु पर्नेः** (१) नियम २२ बमोजिम प्रस्ताव आव्हान गरिएकोमा नियम ११ बमोजिम सूचीकृत भएका व्यक्तिले देहायको विवरण खुलाई त्यस्तो आव्हानमा नियम २२ को उपनियम (१) बमोजिमको अवधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछः—

(क) आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) आयोजनाको अनुमानित लागत,

(ग) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(घ) आयोजना कार्यान्वयनको कार्ययोजना र समय तालिका ,

(ङ) आयोजना कार्यान्वयन भएपछि उपभोक्ताबाट कुनै महसुल असुल गर्ने भए अनुमानित महसुलको विवरण,

(च) आयोजना कार्यान्वयन वापत सरकारलाई कुनै रोयल्टी बुझाउनु पर्ने भए त्यस्तो रोयल्टी वा शुल्कको अनुमानित विवरण,

(छ) सूचनामा माग गरिएको अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्दा सानिसा इकाईको छाप र सम्बन्धित अधिकारीको दस्तखत भएको प्रस्ताव सम्बन्धी कागजात खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरण भरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी ती दुवै खामलाई अर्को खाममा राखी पुनः सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्दाप्रस्ताव पेश गर्ने व्यक्तिले प्रस्तावपत्रको साथमा दस्तुर वापत तिन हजार रुपैयाँ सानिसा इकाईलाई बुझाउनु पर्नेछ । प्रस्ताव छनोट नभएमा प्रस्तावपत्रको साथमा पेश गरेको दस्तुर प्रस्तावकलाई फिर्ता हुने छैन ।

**२४. मनसायपत्र वा प्रस्ताव आव्हानको सूचना संशोधन गर्न सकिनेः** (१) नियम १६ र नियम २२ बमोजिम सार्वजनिक गरिएको मनसायपत्र र प्रस्ताव आव्हानको सूचनामा उल्लिखित कुनै विवरण संशोधन गर्नु परेमा नियम ४८ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो विवरण संशोधन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम विवरण संशोधनको सूचना प्रकाशन गर्दा मनसायपत्र वा प्रस्ताव पेश गर्ने अवधिमा सातदिन थप हुने गरी सूचना प्रकाशन गर्नुपर्ने छ ।

**२५. प्रस्ताव मूल्यांकनको आधारर छनौट प्रक्रियाः** (१) नियम २३ बमोजिम पेश भएको प्रस्ताव बुझाउनु पर्ने म्याद सकिएको दुईदिन भित्र प्रस्ताव मूल्यांकन समितिले प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खोलिएको प्रस्ताव, प्रस्ताव मूल्यांकन समितिले मूल्यांकन गर्नुपर्नेछ । प्रस्तावको मूल्यांकन गर्दा पहिले प्राविधिक प्रस्ताव मात्र खोली देहायका आधारमा त्यसको मूल्यांकन गरी कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावकहरुलाई छनौट गर्नुपर्नेछ ः–

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता र अनुभव तथा जनशक्तिको कार्यदक्षता र अनुभव,

(ग) आयोजना कार्यान्वयन सम्बन्धी संगठनात्मक व्यवस्था तथा कार्यान्वयन कार्यतालिका,

(घ) आयोजनाको इन्जिनियरिङ्ग डिजाईन,

(ङ) आयोजना कार्यान्वयन गर्ने वित्तीय स्रोत व्यवस्था तथा सोसम्बन्धी यो जना,

(च) प्रस्ताव आव्हान पूर्व सानिसा समितिले निर्धारण गरेका अन्य आधारहरु ।

(३) उपनियम (१) बमोजिम प्राविधिक प्रस्ताव छनौट गर्दा प्राविधिक प्रस्ताव खो लिएको मितिले पाँच दिनभित्र छनौट गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरेपछि प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान उल्लेख गरी छनौट भएका प्राविधिक प्रस्तावको प्रस्तावकलाई सूचना दिनु पर्नेछ ।

त्यसरी प्रस्ताव खोलिने मिति तोक्दा प्राविधिक प्रस्ताव छनौट गरेको मितिले बढीमा तीन दिनभित्र हुने गरी तोक्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम छनौटमा नपरेका प्राविधिक प्रस्तावका प्रस्तावकलाई आर्थिक प्रस्ताव फिर्ता लिन आउन सानिसा इकाईले सूचना दिनु पर्नेछ । त्यसरी सूचना दिएको मितिले तीन दिन भित्र आर्थिक प्रस्ताव फिर्ता लिन आएमा सानिसा इकाईले सम्बन्धित प्रस्तावकलाई सो प्रस्ताव फिर्ता दिनुपर्नेछ ।

(६) उपनियम (४) बमोजिमको मिति, समय र स्थानमा सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव खो ल्नुपर्नेछ । तर सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न रोकिने छैन ।

(७) प्रस्ताव खोल्दा प्रस्ताव रीतपूर्वक दाखिला भए वा नभएको सो स्पष्ट हुने गरी मुचुल्का खडा गरी उपस्थित प्रस्तावक वा निजको प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

(८) यस नियमावली बमोजिम रीत नपुगी पेश भएको मनसाय पत्र वा प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

(९) उपनियम (२) बमोजिमको प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव देहायको आधारमा मूल्यांकन गर्नुपर्नेछ :—

(क) आयोजना कार्यान्वयनको दिगोपना,

(ख) आयोजना कार्यान्वयनको व्यवसायिक योजना,

(ग) आयोजनाको अनुमानित लागत,

(घ) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) वातावरणीय रुपमा न्यून क्षति, पुर्याउने आयोजना,

(च) आयोजनाले लिने सेवा शुल्कको दर,

(छ) प्रस्ताव आव्हानको सूचना जारी गर्दा सानिसा इकाईले माग गरेका अन्य आर्थिक आधार ।

(१०) उपनियम (९) बमोजिम आर्थिक प्रस्तावमूल्यांकन गरी कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको आर्थिक प्रस्ताव छनौट गर्नु पर्नेछ । आर्थिक प्रस्ताव खोलेको मितिले पाँच दिन भित्र सो प्रस्ताव छनौट गर्नुपर्नेछ ।

(११) उपनियम (२) बमोजिम प्राविधिक प्रस्तावमा प्राप्त अङ्क र उपनियम (१०)बमोजिम आर्थिक प्रस्तावमा प्राप्त अङ्कलाई जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने व्यक्तिको प्रस्ताव छनौटको लागि प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव छनोट गरेको तीन दिन भित्र सानिसा इकाई समक्ष सिफारिस सहितको प्रतिवे दन पेश गर्नु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम सिफारिस गर्दा उपयुक्त देखिएका अन्य प्रस्तावलाई समेत प्राथमिकता क्रम तोकी वैकल्पिक प्रस्तावको रुपमा सिफारिस गर्नु पर्नेछ ।

(१३) उपनियम (११) बमोजिम पेश भएको मूल्यांकन प्रतिवे दन प्राप्त भएको मितिले बढीमा बाह्र दिनभित्र सानिसाइकाईले प्रस्ताव छनोट सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(१४) सानिसा इकाईले प्रस्ताव छनोट गर्दा आयोजनाको प्राविधिक विषयसँग सम्बन्धी विशेषज्ञहरुको राय लिनुपर्ने भएमा त्यस्तो राय लिन सक्नेछ ।

(१५) उपनियम (१३)बमोजिम सानीसा इकाईले प्रस्ताव छनौट सम्बन्धी निर्णय गरे पछि, उक्त निर्णय भएको मिति देखि बढीमा सात दिन भित्र प्रस्तावक र सानिसा इकाई बीच समझदारीपत्र गर्नु पर्नेछ।

**२६. सोझै प्रस्ताव आव्हान गर्न सक्नेः** (१) पहिले नै सम्भाव्यता अध्ययन भईसकेको आयोजना कार्यान्वयन गर्नुपरेमा सानिसा इकाईले सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सोझै प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनको म्याद दिई आयोजनाको संक्षिप्त विवरण सहित नियम २२ को उपनयिम (१) बमोजिमको विवरण खुलाई नियम ४८ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले नियम २३ बमोजिम विवरण खुलाई त्यस्तो आव्हानमा उल्लिखित अवधि भित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) यस नियम बमोजिमको आयोजनाको हकमा आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्ने छैन ।

(५) सोझै प्रस्ताव आव्हान गर्ने आयोजनाको प्रस्ताव आव्हान सम्बन्धी सूचना संशोधन गर्ने तथा स्वीकृत गर्ने कार्यविधि नियम २४ बमोजिम हुनेछ ।

## परिच्छेद — ४

## वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्था

**२७. वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सकिनेः** (१) नियम (२६) बमोजिम वार्ताबाट आयोजना कार्यान्वयन गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण खुलाई सानिसा समिति समक्ष अनुसूची—१ बमोजिमको ढाँचामा निवे दन दिनु पर्नेछः

(क) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्नइच्छुक व्यक्तिको विवरण,

(ख) कार्यान्वयन गर्न चाहेको आयोजनाको नाम, तरिका र संक्षिप्त विवरण, (ग) आयोजनाको उपादेयता र सम्भाव्यता सम्बन्धी विवरण,

(घ) निवेदकको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक,प्राविधिक हैसियत तथा अनुभव सम्बन्धी विवरण,

(ङ) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(च) आयोजना कार्यान्वयन भएपछि उपभोक्ताबाट असूल गर्ने अनुमानित महसुलको विवरण,

(छ) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्नुको कारण,

(ज)  अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिम विवरण प्राप्त गरेको मितिले सात दिन भित्र सानिसा समितिले मूल्यांकनका लागि प्रस्ताव मूल्यांकन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त गरेको विवरण जाँचबुझ गर्दा प्रस्तावित आयो जनाको उपादेयता र सम्भाव्यता तथा निवेदकको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता देखिएमा प्रस्ताव मूल्यांकन समितिले आफ्नो राय सहितको प्रतिवेदनउपनियम (२) बमोजिम विवरण प्राप्त गरेको सात दिन भित्रसानिसा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्तराय सहितको प्रतिवेदनको आधारमा सानिसा समितिले प्रस्तावित आयोजनाको विवरणलाई मूल्यांकन गरी आयोजना कार्यान्वयन गर्न उपयुक्त हुने वा नहुने सो सम्बन्धमा उपनियम (१) बमोजिम निवेदन प्राप्त भएकोपन्ध्र दिन भित्र निर्णय गर्नुपर्नेछ ।

(५) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ९ को उपदफा (१) मा उल्लिखित आयोजनाहरु आयोजनाहरु वार्ताद्वारा कार्यान्वयन गर्ने भए प्रस्ताव प्राप्त गरेको पैतालीस दिन भित्र सानिसा समितिले प्रस्ताव मूल्यांकन समितिको राय सहितको प्रतिवेदन, आफ्नो राय र निवेदकले पेश गरेको विवरण सहित कार्यपालिका समक्ष स्वीकृतिका लागि पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम प्राप्त भएको राय र विवरण जाँचबुझ गर्दा वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न मनासिब देखिएमा कार्यपालिकाले सानिसा समितिको राय प्राप्त गरेको एक्काइस दिन भित्र प्रस्ताव उपर निर्णय गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सानिसा समितिले निर्णय गरेपछि उक्त निर्णय भएको मितिले बढीमा पन्ध्र दिन भित्र प्रस्तावक र सानिसा इकाई बिच समझदारी पत्र गर्नु पर्नेछ ।

**२८. वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले नियम (२७) विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न इच्छुक भएमा सानिसा समिति समक्ष देहाय बमोजिमको विवरण सामावेश गरी निवेदन दिनुपर्नेछ ः

(क) सम्भाव्यता अध्ययन गर्न इच्छुक व्यक्तिको विवरण,

(ख) सम्भाव्यता अध्ययन गर्न चाहेको आयोजनाको संक्षिप्त विवरण,

(ग) सम्भाव्यता अध्ययन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत तथा अनुभव सम्बन्धी विवरण,

(घ) वार्ताद्वारा सम्भाव्यता अध्ययन गर्नुको कारण,

(ङ) अन्य आवश्यक विवरण । (२) उपनियम (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गरी विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न निवेदन प्राप्त भएको तीस दिन भित्र अनुमति दिनु पर्नेछ।

**२९. आयोजनाको विवरण पेश गर्नु पर्नेः** (१) ऐनको दफा २४ बमोजिम समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी दुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा समितिले तोकेको समयावधि भित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछः

(क) आयोजनाको विवरण,

(ख) आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन,

(घ) आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन,

(ङ) आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) आयोजना कार्यान्वयन गर्ने तरिका,

(छ) आयोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) आयोजना कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिइने प्रस्तावित शुल्क वा महसुल,

(ञ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरे को भए सोको विवरण,

(ट) आयोजना सञ्चालन गर्दा सरकारलाई बुझाउनु पर्ने प्रस्तावित रोयल्टी,

(ठ) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजना कार्यान्वयन हुने क्षेत्र,

(ण) आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(त) आवश्यक अन्य विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरणका आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसँग विवरण प्राप्त गरेको दश दिनभित्र वार्ता गर्ने सम्बन्धमा निर्णय गर्नुपर्दछ ।

**३०. आयोजनाको विवरण पेश गर्ने अवधि थप गर्न सक्ने** (१) नियम १९ बमोजिमको अवधि भित्र प्रस्तावकले सो विवरण पेशगर्न नसक्ने कुनै मनासिब कारण दे खाई समयावधि थपको लागि सानिसा समिति समक्ष निवेदन पेश गरेमा आयोजनाको प्रकृति हेरी सानिसा समितिले बढीमा नब्बे दिनको समयावधि थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र पनि प्रस्तावकले नियम २९ को उपनियम (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई सानिसा समिति समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिब देखिएमा सानिसा समितिले कुनै खास आयोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छुट दिन सक्नेछ ।

## परिच्छेद — ५

## न्यून लागतभएका आयोजना कार्यान्वयन गर्ने सम्बन्धी विशेष व्यवस्था

**३१. न्यून लागत भएका आयोजनाको प्रस्ताव मूल्यांकन र छनौट प्रक्रियाः** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १ करोड रुपैया भन्दा कम अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्नका लागि सानिसा इकाईले आयोजनाहरुको विवरण सहित नियम १२ को उपनियम (१) बमोजिमको विवरण खुलाई सोझै प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले बढीमा ३० दिनको म्याद दिई नियम ४८ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले नियम २३ को उपनियम (१)बमोजिमको विवरण खुलाई(२) बमोजिम तोकिएको अवधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ । यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले विवरण साथ सानिसा इकाईलाई तिन हजार रुपैयाँ दस्तुर वापत बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश भएको प्रस्ताव बुझाउनु पर्ने म्याद सकिएको अर्को कार्य दिन भित्र प्रस्ताव मूल्यांकन समितिले प्रस्ताव खोल्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश भएको प्रस्तावहरुको मूल्यांकन गर्दा पहिले प्राविधिक प्रस्ताव मात्र खोली प्रस्ताव खोलिएको पाँच दिन भित्र कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्न सफल प्राविधिक प्रस्तावको छनौट गर्नुपर्नेछ । प्राविधिक प्रस्ताव छनौट भएपश्चात् सम्भव भए सोही दिन र सम्भव नभएमा त्यसको अर्को कार्य दिन भित्र आर्थिक प्रस्ताव खोल्नु पर्नेछ ।

(६) आर्थिक प्रस्ताव खोलिएको पाँच दिन भित्र कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्न सफल प्रस्तावकको प्रस्ताव छनोट गर्नुपर्नेछ ।

(७) उपनियम (५) बमोजिम प्राविधिक प्रस्तावमा प्राप्त अङ्क र उपनियम (५) बमोजिम आर्थिक प्रस्तावमा प्राप्त अङ्कलाई जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने व्यक्तिको प्रस्ताव छनौटको लागि प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव छनोट सम्बन्धी निर्णय गरेको तीन दिनभित्र सानिसा इकाई समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम सिफारिस गर्दा उपयुक्त देखिएका अन्य प्रस्तावलाई समेत प्राथमिकता क्रम तोकी वैकल्पिक प्रस्तावको रुपमा सिफारिस गर्नु पर्नेछ ।

(९) न्यून लगानी भएको आयोजनाको प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्ताव मूल्यांकन गर्दा क्रमशःनियम २५ उपनियम (२) र नियम २५ उपनियम (९) मा उल्लेख गरेको आधारमा मूल्यांकन गर्नुपर्नेछ।

(१०) उपनियम (६) बमोजिम सानिसा इकाईले प्रस्ताव छनोट सम्बन्धी निर्णय गरेपछि उक्त निर्णय भएको मितिले बढीमा सात दिन भित्र प्रस्तावक र सानिसा इकाईबीच समझदारीपत्र गर्नुपर्नेछ।

(११) उपनियम (१०) बमोजिम प्रस्तावकको प्रस्ताव छनोट नभएमा उपनियम (३) बमोजिम पेश गरेको दस्तुर प्रस्तावकलाई फिर्ता गरिने छैन ।

**३२. अनुमानित रकम एक करोड रुपैयाँ भन्दा कम लागत भएका आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्थाः** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा ले खिएको भए तापनि बीस लाख रुपैयाँ भन्दा कम अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्नका लागि सानिसा इकाईले नियम २६ को उपनियम (१) बमोजिमको मनसायपत्र तथा नियम ३२ को उपनियम (१)बमोजिमको प्रस्ताव सम्बन्धी विवरणको सूचना एकैपटक आव्हान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले बढीमा दश दिनको म्याद दिई नियम ४८ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले माग भएको मनसायपत्र र प्रस्ताव सम्बन्धी कागजात छुट्टाछुटै खाममा उपनियम (२) बमोजिमको म्याद भित्र पेश गर्नुपर्नेछ । यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले विवरण साथ एक हजार रुपैया दस्तुरका रुपमा बुझाउनु पर्नेछ । प्रस्तावकको प्रस्ताव छनोट हुन नसकेमा प्रस्तावकले पेश गरेको दस्तुर फिर्ता गरिने छैन ।

(४) प्राप्त मनसायपत्र तथा प्रस्तावको छनौट गर्दा नियमावलीको नियम २० र नियम २५ मा उल्लिखित आधारमा गर्नुपर्नेछ ।

(५) यस नियम बमोजिमको आयोजना कार्यान्वयन सम्बन्धमा पनि नियमावलीमा उल्लिखित व्यवस्थाहरुको पालना गर्नुपर्नेछ ।

## परिच्छेद — ६

## सोझै प्राप्त हुने प्रस्ताव कार्यान्वयन सम्बन्धी व्यवस्था

**३३. सोझै प्राप्त हुने प्रस्ताव कार्यान्वयन गर्न सकिनेः** (१) नियम २६ को उपनियम (१) बमोजिम कुनै आयोजनाको प्रस्ताव सानिसा समिति समक्ष सो झै पेश भएमा सानिसा समितिले त्यस्तो प्रस्ताव चौध दिनभत्र पुनरावलोकन गर्नुपर्नेछ ।

(२) उपनियम (१)बमोजिम पेश भएको प्रस्ताव आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न एक्काइस दिनको म्याद दिई पेश गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदन अध्ययन गर्दा आयोजनाबाट सार्वजनिक हितहुने देखिएमा प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको सातदिन भित्र सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कार्यपालिका समक्ष सैद्धान्तिक सहमतिका लागि अध्ययन प्रतिवेदन पेश भएमा बढीमा एक्काइस दिन भित्र कार्यपालिकाले सो सम्बन्धमा सैद्धान्तिक सहमति सम्बन्धी निर्णय गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम कार्यपालिकाको सैद्धान्तिक सहमति प्राप्त गरे पश्चात आयोजना कार्यान्वयनकको लागि यस नियमावलीको नियम २३ को उपनियम (१) बमोजिमको विवरण पेश हुने गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ ।

(६) प्रस्तावकले उपनियम (५) वमोजिम प्रस्ताव आव्हान भएको मितिले पन्ध्र दिन भित्र आवश्यक विवरण पेश गर्नुपर्नेछ ।

(७) सोझै प्राप्त हुने प्रस्तावको छनौट गर्दा नियम २५ मा उल्लिखित प्रस्ताव मूल्यांकन तथा छनोट प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**३४. स्थानीय समूदायबाट कार्यान्वयन गरिने आयोजनाः** (१) कुनै स्थानीय सामुदायिक संघ संस्थाले पाँच लाख रुपैयाँसम्म अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्न चाहेमा सानिसा समिति समक्ष आयोजना कार्यान्वयनका लागि सोझै प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपै याँसम्म अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावका साथ पाँच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ । प्रस्तावकको प्रस्ताव छनोट हुन नसकेमा प्रस्तावकले पेश गरे को दस्तुर फिर्ता गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको आयोजना कार्यान्वयन गर्न उपयुक्त भएमा सानिसा समितिले सोझै वार्ता मार्फत् सम्बन्धित स्थानीय सामूदायिक संस्थासँग आयो जना कार्यान्वयन गर्न प्रस्ताव पेश भएको बढीमा पन्ध्रदिनभित्र आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको आयोजना कार्यान्वयन गर्न सानिसा समितिलाई ऐन तथा यस नियमावली बमोजिम मनसायपत्र तथा प्रस्ताव आव्हान गर्न आवश्यक पर्ने छैन।

## परिच्छेद — ७

## आयोजनाको अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३५. अनुमतिपत्र प्रदान गर्नेः** (१) अनुमति प्रदान गर्ने सम्झौता सम्पन्न भएमा त्यस्तो सम्झौता भएको बाह्रदिन भित्र सम्बन्धित प्रस्तावकले सम्झौताको प्रतिलिपि सहित अनुमतिपत्र प्राप्त गर्नका लागि सानिसा इकाईमा अनुसुची—२ बमोजिको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) सानिसा इकाईले उपनियम (१) बमोजिम निवेदन पेश गरेको दुईदिन सम्ममा अनुसुची—३ बमोजिमको ढाँचामा आयोजना लगानीको अनुमतिपत्र प्रदान गर्नुपर्नेछ ।

**३६. अनुमतिपत्रको अवधिः** (१) अनुमतिपत्रको अवधि बढीमा चालिस वर्षको हुनेछ । (२) सानिसा इकाईले अनुमतिको अवधि तोक्दा नियम ३७ मा उल्लिखित आधारलाई मध्य नजर गरी अनुमतिपत्रको अवधि निर्धारण गर्नु पर्नेछ ।

**३७. अनुमतिपत्रको अवधि निर्धारणका आधारः** अनुमतिपत्रको अवधि देहायका आधारमा निर्धारण गरिनेछ :—

(क) आयोजनाको प्रकृति,

(ख) आयोजनाको लागत,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना सञ्चालन गर्दा उठाउन पाउने शुल्क,

(घ) अनुमति प्राप्त व्यक्तिले सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) आयोजना सञ्चालनबाट अनुमति प्राप्त व्यक्तिले प्राप्त गर्न सक्ने मनासिब मुनाफा,

(च) आयोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा अनुमति प्राप्त व्यक्तिले शुल्क उठाई आयोजना सञ्चालन गर्न पाउने अवधि,

(छ) आयोजनाको वित्तीय स्रोत,

(ज) आयोजनामा सरकारले संयुक्त लगानी गरे नगरेको कुरा,

(झ) अन्य आवश्यक कुराहरु

## परिच्छेद — ८

## सानिसा समिति तथा सानिसा इकाईको बैठकको कार्यविधि सम्बन्धी व्यवस्था

**३८. सानिसा समितिको बैठक सम्बन्धी कार्यविधिः(१)** सानिसा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सानिसा समितिको बैठक सानिसा समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको बैठक सम्बन्धी सूचना सदस्य सचिवले कम्तीमा चौबीस घण्टा अगावै नै समितिको प्रत्येक सदस्यलाई लिखित रुपमा दिनु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले सानिसा समितिको सदस्य सचिवको हैसियतमा कार्य गर्नु पर्नेछ ।

(४) सानिसा समितिको एक तिहाई सदस्यहरुले सानिसा समितिको बैठकको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम सूचना दिँदा बैठकको कार्यसूची समेत उपलब्ध गराउनु पर्नेछ ।

(६) सानिसा समितिमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सानिसा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(७) बैठकको अध्यक्षता सानिसा समितिको अध्यक्षले गर्नुपर्नेछ । तर अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नुपर्नेछ । उपाध्यक्ष पनि अनुपस्थित भएको खण्डमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले त्यस बैठकको अध्यक्षता गर्नुपर्नेछ ।

(८) सानिसा समितिको बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।

(९) सानिसा समितिको निर्णयलाई सदस्य सचिवले निर्णय पुस्तिकामा सदस्यहरूको उपस्थिति जनाई अभिलेख गर्नुपर्नेछ ।

(१०) सानिसा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३९.जानकारी गराउनु पर्ने:** (१) मनोनित सदस्यले निजले भाग लिने पहिलो बैठक वा निज मनोनयन भएको पन्ध्र दिन मध्ये जुन पहिलो हुन्छ सो अवधिभित्र देहायका विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत समितिमा पेश गर्नु पर्नेछ  ः

(क) नियमावली बमोजिम कार्यान्वयन गरिने कुनै सार्वजनिक निजी साझेदारी आयोजना वा सार्वजनिक खरिदसँग सम्बन्धित कुनै करारमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्य पक्ष रहेको वा नरहेको र रहेको भए सोको विवरण,

(ख) सार्वजनिक निजी साझेदारी आयोजनामा निजको एकासगोलको परिवार को कुनै सदस्य साझेदार कम्पनीको सञ्चालक वा आधारभूत शेयरधनी वा एजेन्ट रहेको वा नरहेको र रहेको भए सोको विवरण, सार्वजनिक निजी लगानीमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर रहे वा नरहेको र रहेको भए सोको विवरण ।

**४०.  स्वार्थ बाझिने विषयको निर्णयमा भाग लिन नहुने :** (१) सानिसा समितिको कार्यसूचीमा समावेश भएको कुनै विषयमा छलफल वा निर्णय गर्दा त्यस्तो विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले त्यस्तो विषयको छलफल र निर्णय गर्ने बैठकमा उपस्थित हुन तथा निर्णय प्रक्रियामा सहभागी हुनु हुदैन ।

(२) उपनियम (१) को प्रयोजनको लागि देहायको कुनै विषयमा छलफल वा निर्णय गर्दा कुनै सदस्य वा निजको एकासगोलको परिवारका कुनै सदस्यको कुनै किसिमको हक, हित, स्वार्थ वा सरोकार रहेमा त्यस्तो सदस्यको निजी स्वार्थ रहेको मानिनेछः—

(क) सार्वजनिक निजि लगानी छनौट वा सोसँग सम्बन्धित विषय,

(ख) सार्वजनिक निजी लगानीको अनुमतिपत्र दिने विषय,

(ग) सार्वजनिक निजी लगानीको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) आयोजनासम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी विषय,

(ङ) आयोजना कार्यान्वयनको अनुगमन सम्बन्धी विषय,

(च) आयोजना सम्बन्धी संरचना हस्तान्तरण वा हस्तान्तरण भएका आयो जनाको सञ्चालन सम्बन्धी विषय,

(छ) सानिसा समितिबाट निर्णय हुने अन्य कुनै विषयमा कुनै किसिमले निजी स्वार्थ रहेको विषय।

**४१.  सानिसा इकाईको बैठकको कार्यविधि तथा निर्णय सम्बन्धी व्यवस्थाः** (१) सानिसा इकाईको बैठक प्रमुख प्रशासकीय अधिकृतले तोकेको मिति ,समय र स्थानमा बस्नेछ।

(२) सानिसा इकाईको बैठक सम्बन्धी कार्यविधि यस नियमावलिको नियम ३८ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) सानिसा इकाईको बैठक सम्बन्धी अन्य कार्यविधि सानिसा इकाई आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सानिसा इकाईको निर्णय प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणित गर्नुपर्नेछ ।

(५) सानिसा इकाईले कुनै विषयमा छलफल वा निर्णय गर्दा त्यस्तो विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले त्यस्तो विषयको छलफल र निर्णय गर्ने बैठकमा उपस्थित हुन तथा निर्णय प्रक्रियामा सहभागी हुनु हँुदैन ।

**४२. गोपनीयता कायम राख्नु पर्नेः** (१) सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले पदीय हैसियतमा काम गर्दा निजको जानकारीमा आएको सार्वजनिक भएको वा नभएको कुनै गोप्य सूचना अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा सोको स्रोत वा भेद खोल्न हुँदैन ।

(२) सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले पदीय है सियतमा काम गर्दा जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको लाभ, हित वा फाईदाको लागि प्रयो ग गर्न वा गराउन हुदैन ।

(३) उपनियम (१) वा (२) प्रतिकूल हुने गरी कुनै सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद — ९

## सम्भाव्यता न्यून परिपूर्ति कोष

**४३. सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापनाः** (१) सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउने उद्देश्यले नगर पालिकामा एक सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना गरिनेछ|

(२) सम्भाव्यता न्युन परिपूर्ति कोषको संचालनका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको सदस्य रहने गरी एक सम्भाव्यता न्यून परि पूर्तिकोष सञ्चालक समिति रहनेछः

(क) उपमहानगरपालिकाको प्रमुख अध्यक्ष

(ख) उपमहानगरपालिकाको प्रमुखले नियुक्त गरेको व्यक्ति.. सदस्य

(ग) निजी क्षेत्रका लगानीकर्ताको तर्फबाट एक प्रतिनिधि. सदस्य

(घ) कार्यपालिकाद्वारा नियुक्त विज्ञ सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत .सदस्य सचिव

(३) सम्भाव्यता न्यून परिपूर्ति कोषको सञ्चालन सम्बन्धी कार्यविधि न्यून परिपूर्ति कोषको सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**४४. कोषमा जम्मा हुने रकमः कोषमा देहायका रकमहरू जम्मा गरिनेछ :**

(क) कार्यपालिकाबाट प्राप्त रकम,

(ख) संघीय वा प्रान्तीय सरकारबाट प्राप्त रकम,

(ग) अन्तराष्ट्रिय संघ सस्थाबाट प्राप्त रकम,

(घ) आयोजनाको विकासमा सहकार्य गरिरहेका साझेदारहरुबाट प्राप्त रकम,

(ङ) नियम ४९ र ५० बमोजिम प्राप्त जमानत रकम

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

**४५. कोषको रकम प्रयोगमा बन्देजः** सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउने विषयमा बाहेक कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान लगायत कुनै पनि आर्थिक सहायता प्रदान गर्ने प्रयो जनका लागि यस कोषको रकम खर्च गर्न पाइने छैन ।

**४६. अनुमति लिनुपर्नेः** (१) आयोजनाको सम्भाव्य आयको तुलनामा लागत बढी हुने अवस्था भएमा लगानीकर्ताले थप आवश्यक रकमका लागि आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोष समक्ष निवेदन दिनुपर्नेछ । उक्त निवेदन पेश गर्दा आयोजनाको सम्भाव्यता लागतको विवरण संगै आयोजना सम्पन्न हुँदा लाग्ने लागतको विवरण समेत उक्त निवेदनका साथ पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको निवेदन माथि सम्भाव्यता न्यून परिपूर्ति कोष सञ्चालक समितिले अध्ययन गरी आयोजनाको आवश्यकता अनुसार आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

**४७. कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्ने :** सम्भाव्यता न्यून परिपूर्तिकोष समितिले आपूmले गरेको कार्य सम्पादन सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ ।

## परिच्छेद — १०

## विविध

**४८. सूचना प्रकाशन गर्नुपर्नेः**

(१) यस नियमावलीको नियम १४ को उपनियम (५), नियम १६ को उपनियम (१), नियम २२ को उपनियम (१), नियम ४४को उपनियम (१),नियम २६को उपनियम (२), नियम ३२को उपनियम (२), नियम ३३ को उपनियम (२) बमोजिम आयोजनाले सूचना प्रकाशन गर्दा नेपाली भाषामा १ करोड सम्मको स्थानीय पत्रिकमा र १ करोड भन्दा माथिको हकमा राष्ट्रिय दैनिक पत्रिका प्रकाशन हुने दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशन हुने सूचना सम्भव भए त्यस्तो सूचना कार्यपालिका वा सानिसा समितिको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

**४९. रकम वा जमानत दाखिला गर्नुपर्नेः** (१) ऐन बमोजिम सार्वाजनिक निजी साझे दारीमा विकास हुने आयोजनामा आयोजनाको लागत अनुमानको शुन्य दशमलव एक (०.१) प्रतिशतले हुने रकम सानिसा इकाईमा दाखिला गर्नुपर्नेछ।

(२) लागत अनुमान नभएको आयोजनाको हकमा सानिसा इकाईले तोके बमोजिमको रकम वा सो रकम बराबरको जमानत वा वाणिज्य बैंकले जारी गरेको जमानत (विड वण्ड) सानिसा इकाईमा दाखिला गर्नुपर्नेछ।

**५०. रकम वा जमानत जफत हुने अवस्थाः** नियम ४९ बमोजिम दाखिला गरेको जमानत देहायका अवस्थामा जफत हुनेछः—

(क प्रारम्भिक आयोजना सम्झौता भएकोमा प्रस्तावकले समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौ ता विपरित कुनै काम कुरा गरेमा,

(ख) प्रस्तावकले नियम २९ बमोजिम पेश गर्नुपर्ने विवरण सोही नियममा ले खिएको म्यादभित्र पेश गर्न नसकेमा,

(ग) संयुक्त रुपमा एक भन्दा बढी व्यक्तिले आयोजनाको प्रस्ताव पेश गरेकोमा कुनै व्यक्तिले आपm उक्त आयोजना बाट अलग भएको जानकारी सानिसा समितिलाई दिएमा र बाँकी रहेको व्यक्तिले मात्र आयोजना कार्यान्वयन गर्न सक्ने नदेखिएमा वा समान योग्यता भएको अर्को व्यक्तिलाई सो आयोजनामा समावेश गर्न नसकेमा।

**५१. आयोजनाको शुल्कः** (१) आयोजनाले सेवा दिए वापत उपभोक्ताबाट प्राप्त हुने शुल्क पुनरावलोकन गर्ने सम्बन्धमा सम्झौतामा कुनै अवस्था उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा उपनियम (२) र उपनियम (३) अवस्थामा शुल्क पुनरावलोकन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम शुल्क बढाउनु परेमा सानिसा समितिलाई शुल्क बढाउने कारण सहित आयोजना कार्यान्वयन गर्ने व्यक्तिले आर्थिक वर्ष सुरु हुनु भन्दा ६० दिन पहिले निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवदेन र शुल्क बढाउने कारण जाँच गर्दा शुल्क बढाउन मनासिव देखिएमा सानिसा समितिले निवेदन पेश गरेको दश दिन भित्र शुल्क बढाउने स्वीकृतिको लागि राजश्व परामर्श समितिमा पेश गरि नगरसभावाट आर्थिक ऐनमा उल्लेख गरि स्वीकृति दिन सक्नेछ ।

(४) आयोजानाले आफ्नो सेवाको शुल्क घटाउन चाहेमा सानिसा समितिको स्वीकृति आवश्यक पर्ने छैन।

**५२. क्षतिपूर्ति निर्धारण समितिः** (१) क्षतिपूर्ति निर्धारण गर्न देहाय बमोजिम एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ ाः—

(क) सानिसाइकाईको प्रमुख— अध्यक्ष

(ख) सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको प्रतिनिधि — सदस्य

(ग) स्थानीय उपभोक्ताहरु मध्येबाट सानिसा इकाईले तोकेको व्यक्ति — सदस्य ।

(२) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

**५३. आयोजनाको जाँचबुझ तथा निरीक्षण गर्न सक्नेः** (१) प्रत्येक आयोजनाले आयोजनाको सम्झौता भएपछि प्रत्येक वर्ष आयोजनाको कार्य प्रगति वा आयो जनाको संचालन सम्बन्धी प्रतिवेदन जानकारीका लगि सानिसा समिति समक्ष पेश गनु पर्नेछ।

(२) सानिसा समितिले ऐन तथा यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिबाट आयोजना कार्यान्वयन भए वा नभएको सम्बन्धमा आयोजनाको जाँचबुझ वा निरीक्षण गर्न गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा गराउँदा कुनै आयोजना ऐन वा यस नियमावली बमोजिम कार्यान्वयन भएको नदेखिएमा सानिसा समितिले आयोजना कार्यान्वयन नभएको कारण खुलाई अनुमतिप्राप्त व्यक्तिसङ्ग स्पष्टिकरण माग गर्ने छ ।

(४) उपनियम (३) बमोजिम अनुमतिप्राप्त व्यक्तिले स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण मनासिव नदेखिएमा सानिसा समितिले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ ।

(५) उपनियम (४) बमोजिम म्यादभित्र आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न नसकेमा सानिसा समितिले ऐन र प्रचलित कानुन बमोजिम आवश्यक कारवही गर्न सक्नेछ ।

**५४. गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिनेः** तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथिमकता दिई कार्यान्वयन गर्न सकिनेछ ।

**५५. संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्नेः** संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तरगतको सार्वजनिक निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

**५६. निर्देशन दिन सक्नेः सानिसा इकाईले सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्रास व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।**

**५७. लिज वा भाडामा दिन बेचबिखन गर्न सक्ने :**

(१) सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामीत्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार विक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**५८. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**५९. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने** : प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

६०. कार्यविधि तथा निर्देशिका बनाउन सक्नेस् सानिसा समितिले यस नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

गोदावरी नगरपालिका

अनुसूची– १

(नियम १७ सँग सम्बन्धित)

वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी निवेदन

मितिः ................

श्रीमान् अध्यक्ष ज्यू,

सानिसा समिति जीतपुरसिमरा उपमहानगरपालिका

विषयः वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी निवेदन ।

महोदय,

म÷हामी निवेदक सार्वजनिक निजी साझेदारी सम्बन्धी नियामावली .......... को नियम २७ को उपनियम (१) अन्तर्गतको वार्ताद्वारा निम्न बमोजिमको आयोजना कार्यान्वयन गर्ने इच्छुक भएकोले सो सम्बन्धमाअनुमतिपत्र पाँऊ भनी निवेदन गर्दछु ।

निवेदनको विवरणः

१. आयोजनाको संक्षिप्त विवरणः

२. सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली को नियम २७ को उपनियम (१) बमोजिमको विवरण संलग्न गरिएको छ ।

निवेदक हस्ताक्षरः

नामः

पदः

ठेगानाः

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची– २

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

अनुमतिपत्र प्राप्त गर्नका लागि पेश गर्नुपर्ने निवेदन

मितिः ................

श्रीमान् अध्यक्षज्यू,

सानिसा इकाई जीतपुरसिमरा उपमहानगरपालिका

विषयः आयोजना कार्यान्वयनको अनुमति ।

म/हामी निवेदक र सानिसा समितिबीच मिति ............... का दिन सार्वजनिक निजी साझेदारी सम्बन्धी नियामावली, .......... को नियम ३५ को उपनयिम (१) बमोजिम आयोजना कार्यान्वयनको सम्झौता भएकोमा उक्त सम्झौता भएको .......... दिनभित्रै अनुमतिपत्र प्राप्त गर्नुपर्ने भएकाले अनुमतिपत्र पाँउ भनी यस निवेदन पेश गरेको छु । सानिसा समितिसँग भएको सम्झौताको प्रतिलिपि पनि यसै साथ संलग्न गरिएको छ ।

निवेदक हस्ताक्षरः

नामः

पदः

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची—३

(नियम २५ को उपनियम (२) सँग सम्बन्धित) अनुमतिपत्र

श्री.....................................

ठेगानाः ..........................

**अनुमतिपत्र**

सानिसा इकाईको मिति........................को निर्णय बमोजिम तपाई श्री..... ................................लाई ......................................... (आयोजना रहने ठाउँ उल्लेख गर्ने) मा.......................................(आयोजनाको नाम उल्लेख गर्ने) आयोजना कार्यान्वयन गर्न स्वीकृति दिइएकोले सार्वजनिक निजी साझेदारी सम्बन्धी नियामावली ........को नियम ३५ को उपनियम (२) बमो जिम यो अनुमतिपत्र दिइएको छ ।

मितिः.....................

.............................. प्रमुख प्रशाकीय अधिकृत

सानिसा इकाई जीतपुरसिमरा उपमहानगरपालिका बारा

आज्ञाले,

डमरु प्रसाद निरौला

प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका